# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडाले अनुभवी जनशक्ति र दीर्घकालीन लगानी क्षमताका कारण नेपाल औद्योगिक विकास निगम (एनआईडिसी) को भविष्य राम्रो रहेको बताउनुभएको छ ।

निगमको ५३ औं वार्षिकोत्सवको अवसरमा आज आयोजित समारोहमा मन्तव्य व्यक्त गर्दै उहाँले देशमा दीर्घकालीन लगानी गर्ने वित्तीय संस्थाको अभाव भएकै कारण जलविद्युत् विकास बैंक र पूर्वाधार विकास बैंकको अवधारणा अगाडि आएको बताउनुभयो ।




व्यापार व्यवसायमा लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरूको संख्या धेरै तर दीर्घकालीन लगानी गर्ने वित्तीय संस्था निकै कम हुनु पनि नेपालको वित्तीय क्षेत्रले अपेक्षित उपलब्धि हासिल गर्न नसक्नुको एक प्रमुख कारण भएको चर्चा गर्दै गभर्नर डा. खतिवडाले निगमले केही मात्रामा भए पनि दीर्घकालीन लगानी बढाउनेतर्फ लाग्नु पर्ने बताउनुभयो ।

बैंक तथा वित्तीय संस्थाहरूले बजार हल्लाको भरमा नभई स्वविवेक प्रयोग गरेर उत्पादक क्षेत्रमा लगानी बढाउनु आवश्यक रहेको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले दीर्घकालीन प्रभावको अध्ययन नगरी तत्काल लाभ हुने क्षेत्रमा बढी लगानी गर्दा केही बैंक तथा वित्तीय संस्थाहरूमा समस्या देखिएको बताउनुभयो ।

निगमलाई नाफामा लैजान व्यापारिक कारोबार पनि बढाउनु पर्ने धारणा राख्दै गभर्नर डा. खतिवडाले बैंक तथा वित्तीय संस्थाहरू छिटो नाफा हुने अल्पकालीन लगानीमा मात्र केन्द्रीत हुन नहुने सुझाव दिनुभयो ।

निगम सञ्चालक समितिका अध्यक्ष श्री शान्तबहादुर श्रेष्ठको सभापतित्वमा आयोजित उक्त समारोहमा निगमका महाप्रबन्धक श्री शिवजी राय यादवले स्वागत मन्तव्य व्यक्त गर्दै निगमको पोखरा र विराटनगरस्थित कार्यालयमा एटिएम जडान गर्ने योजना रहेको, आर्थिक वर्ष २०६५।६६ सम्मको अन्तिम लेखापरीक्षण सम्पन्न भएको र आर्थिक वर्ष २०६६।६७ को कर लेखापरीक्षण सम्पन्न भइसकेको जानकारी दिनुभयो ।

समारोहमा गभर्नर डा. खतिवडाले निगममा २० वर्ष सेवा गरिसकेका ३ जना कर्मचारीहरूलाई दीर्घ सेवा पदक वितरण गर्नुभएको थियो ।

गभर्नरको कार्यालय

मितिः २०६८ असार १ गते